## २०७६।०९।०१ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

नेपाल नेत्रज्योती संघ नवलपरासीले बौदीकाली गाउपालिकामा संचालन गर्न लागेको आखाँ शिविरमा खटिने कर्मचारीहरुलाई खाना र बस्नको व्यवस्था गाउँपालिकाले मिलाउने । मोतिविन्दुको अप्रेसन गर्ने विरामीलाई च्यावनप्रास, अण्डा र फलफुल वितरण गर्ने । व्यवस्थापनको जिम्मा वडाअध्यक्ष बाल प्रसाद ठाडा र स्वास्थ्य संयोजक टोपकान्त अधिकारीलाई दिने ।

निर्णय नं. २

गाउपालिकास्तरीय लिंक रोड निर्माण उपभोक्ता समितिबाट गराउने । प्राविधिक रुपमा कठिन ठाउँमा हेभि मेसिनको प्रयोग गर्ने । उपभोक्ता समितिहरुले हेभि मेसिनको प्रयोग गर्दा जिल्ला दररेट भन्दा बढी नहुने गरी कोटेशन लिई काम गराउनु पर्ने ।

निर्णय नं. ३

कृष्णगण्डकी बचत तथा ऋण सहकारी संस्था लि.ले संचालन गर्न लागेको रक्तदान कार्यक्रममा रु. ५०,०००। रकम उपलब्ध गराउने ।

निर्णय नं. ४

बौदीकाली ६, नरम निवासीदेव बहादुर बसेल नेपालीको छोरा विवस बसेल नेपालीलाई ब्लड क्यान्सरको उपचारको लागि रु. २० हजार आर्थिक सहयोग प्रदान गर्ने ।

निर्णय नं. ५

बौदीकाली ४, रुचाङ्बस्ने कृष्णबहादुर दर्लामी मगरको टमाटर खेतीमा आकस्मिक रुपमा रोग लागि क्षति पुगेकोले रु. २० हजार रकम क्षतिपूर्ति स्वरुप प्रदान गर्ने ।

निर्णय नं. ६

वडा नं. २ को आ.व. २०७५।०७६ को भैपरी आउने शिर्षकको रु. १ लाखको बजेटबाट ह्यूमपाइप जडानको काम भएकोमा उक्त बजेट आ.व. २०७६।०७७ मा जिम्मेवारी सार्न छुट भएकोले रु. १ लाख रकम भैपरी आउने शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. ७

गाउँपालिकाको एक जना सब इन्जिनियर र अमिन करारमा नियुक्ती गर्ने ।

निर्णय नं. ८

वडा नं. ३ को वडा कार्यालयमा सोलार, फर्निचर र इन्टरनेट तथा अन्य आवश्यक सामाग्रीको अभावमा सेवा प्रवाहमा समस्या परेकोले कोटेशन मार्फत छिटो खरिद गर्ने ।

निर्णय नं. ९

वडा नं. ५ बबकको क्षमता विकास तालिम शिर्षकको बजेटलाई संशोधन गरी भैपरी तथा क्षमता विकास तालिम कायम गर्ने । बबकको बौझादी ठूलो पिपल मन्दिर निर्माणको लागि रु. १ लाख रकम र बौझादी हर्बले मोटरबाटो मर्मतका लागि रु. ६२ हजार रकम भैपरी आउने शिर्षकबाट विनियोजन गर्ने ।

निर्णय नं. १०

रुचाङ्ग, चारडाडा, रिठ्ठे नारी भञ्ज्याङ्ग मोटरबाटोको लागि प्राविधिक इस्टिमेट बमोजिमको अपुग रकम समपुरक पुर्वाधारबाट प्रदान गर्ने ।

निर्णय नं. ११

नेपाल पत्रकार महासंघ, नवलपरासी बर्दघाटपूर्व शाखालाई रु. १० हजार रकम आर्थिक सहयोग उपलब्ध गराउने ।

निर्णय नं. १२

वडा नं. १ को सिद्धि प्रा.वि.मा शौचालय मर्मतको लागि आवश्यक रकम प्राविधिक इस्टिमेट बमोजिम उपलब्ध गराउने ।

निर्णय नं. १३

वडा नं. १ को धर्मात्मा मा.वि.मा आ.व. २०७६।०७७ मा विनियोजित रकममध्ये धर्मात्मा मा.वि. मचेडी घेरावार योजनाको नाम परिवर्तन गरी धर्मात्मा मा.वि. मचेडी भवन मर्मत तथा गेट निर्माण कायम गर्ने ।

निर्णय नं. १४

विद्यालयहरुको लेखापरिक्षणका लागि लेखापरिक्षक छनौट गर्ने अधिकार गाउँ कार्यपालिकाको कार्यालयलाई प्रदान गर्ने ।

निर्णय नं. १५

सिद्धार्थ यूवाक्लब, बौदीकाली ६, नरमलाई भलिबल प्रतियोगिता संचालनका लागि रु. १५ हजार रकम प्रदान गर्ने ।

निर्णय नं. १६

आ.व. २०७६।०७७ को पशु स्वास्थ्य शिविर शिर्षकको रु. २ लाख रकम रकमान्तर गरी नमुना गोठ सुधार शिर्षकमा लैजाने ।

निर्णय नं. १७

नवलपुरको पर्यटन विकासमा मिडियाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमको लागि रु. १० हजार रकम प्रदान गर्ने ।

निर्णय नं. १८

बौदीकाली ६, नरममा आ.व. २०७५।०७६ मा छुट्याइएको महिला उद्यमी तालिम बजेट शिर्षकको काम सम्पन्न भएको र भुक्तानी हुन छुट भएकोले उक्त बजेट शिर्षकमा छुट भएको रकम आ.व. २०७६।०७७ को भैपरी शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. १९

गाउँपालिकाका कृषकहरुको माटो परिक्षणका लागि व्यवस्थापकीय खर्च व्यहोर्ने ।